त्रिविमा सह-परीक्षा नियन्त्रक नियुक्तिमा अनियमितता

चारजना अध्यापकविरुद्ध भ्रष्टाचार मुद्दा

हिमालय टाइम्स
काठमाडौं, १० मंसिर

हुँदै नभएको विद्यावारिधि उपाधिको कागजातका आधारमा नियुक्ति लिएको भन्दै त्रिभुवन

विश्वविद्यालयका सह-परीक्षा नियन्त्रकसहित छनोट समितिका पदाधिकारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार त्रिभुवन विश्वविद्यालयको सह-परीक्षा नियन्त्रक छनोट समितिका संयोजक प्रा.डा. जया लक्ष्मी प्रधानसहित सदस्यविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो। आयोगले छनोट समितिका सदस्यहरू प्रा.डा. मोतिलाल शर्मा, प्रा.डा.मेघराज पोखेल र तत्कालीन सह-परीक्षा नियन्त्रक (सह-प्राध्यापक) डिल्लीराम प्रसाईंउपर बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

त्रिवि रजिष्ट्रार कार्यालयले एक वर्षअघि परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चल, विराटनगरका लागि सह-परीक्षा नियन्त्रक पदको विज्ञापन निकालेको थियो। उक्त पदका लागि ६ जनाले आवेदन दिएकामा समितिको सिफारिसमा प्रसाईं चयन भएका थिए। प्रसाईंले आफूलाई पीएचडी उपाधि प्राप्त भनी विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय सेमिनारमा सहभागिताका प्रमाणपत्रसहित कागजातहरू पेश गरेका थिए। विद्यावारिधि धारकलाई अतिरिक्त आठ अंक दिइने व्यवस्था थियो। तर, अभिलेखअनुसार उनले २७ भदौमा अन्तिम मौखिक परीक्षा मात्र दिएका थिए। डीन कुशुम शाक्यको अध्यक्षतामा बसेको ५ पुसको अनुसन्धान समितिले उनको शोधपत्र अन्तिम रूपमा स्वीकृत नभएको पुष्टि गरेको थियो। प्रसाईंले २९ माघमा मात्र विद्यावारिधि उपाधि पाएका थिए।

उनीमाथि नपाएको उपाधि दाबी गरी पद लाभ लिएको र समितिमा रहेका तीन प्राध्यापकमाथि प्रस्तुत भुटा कागजात स्वीकार गरेको ठहर गर्दै अख्तियारले सबैविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो। छनोट समितिका पदाधिकारीहरूले परीक्षाको परिणाम फेरबदल गरी सह-परीक्षा नियन्त्रक पद ओहोदा, हैसियत, सुविधा प्राप्त गर्ने गरी बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई सोही भुट्टा विवरणको आधारमा नियुक्तिका लागि गलत प्रतिवेदनसहित सिफारिस गरेको भन्दै उनीहरूविरुद्ध पनि मुद्दा दायर गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो।

मेन्छ्यायेममा आधुनिक कृषि फर्मको सुरुवात



प्रकाश पाक्साँवा/हिटा
तेह्रथुम, १० मंसिर

तेह्रथुमको मेन्छ्यायेम गाउँपालिका-४ श्रीजुङमा स्थानीय युवाहरूलाई गाउँमै रोजगारी सिर्जना गर्ने उद्देश्यले आधुनिक कृषि तथा पशुपालन फर्मको सुरुवात गरिएको छ। गाउँमै स्थापित 'मेन्छ्यायेम श्रीजुङ प्रालि'ले व्यावसायिक पशुपालन र कृषि फर्म सञ्चालनमा ल्याएर विदेश पलायन रोक्ने तथा गाउँमा उत्पादनमुखी वातावरण निर्माण गर्ने लक्ष्य अघि सारेको छ।

६ जनाको प्रारम्भिक लगानीमा मेन्छ्यायेम गाउँपालिका-४ श्रीजुङको सानो मभुवा असिनेमा स्थापना गरिएको प्रालिले भैंसी तथा बाख्रापालनलाई प्राथमिकता दिँदै उद्यमशील मोडेललाई बलियो रूपमा अघि बढाएको छ। करिब एक करोड रुपैयाँ बराबरको लगानीमा सञ्चालित यो उद्यमले करिब पाँच सय रोपनी क्षेत्रफलमा फर्मको संरचना, घाँसे मैदान र पशु अवलोकन क्षेत्र विस्तार गरेको छ।

प्रालिको दीर्घकालीन उद्देश्य युवालाई गाउँमै उद्यमशीलतासँग जोड्नु, रोजगारी सिर्जना गर्नु तथा स्थायी स्वरोजगारतर्फ उन्मुख गराउनु रहेको सञ्चालक समिति सदस्य इन्द्र लुम्फुङवा बताउनुहुन्छ। प्रदेशस्तरमा पनि यस उद्यमले ध्यान आकर्षित गर्न सफल भएको छ। व्यावसायिक गतिविधिको प्रत्यक्ष अवलोकनका लागि कोशी प्रदेशका प्रमुख परशुराम खापुङ स्वयं फर्ममा पुगेर कार्यविधि, उत्पादन स्थिति तथा विस्तार योजनाका बारे सञ्चालकहरूसँग विस्तृत छलफल गर्नुभएको छ।

अवलोकनपछि बोल्दै प्रमुख खापुङले यस्ता ग्रामीण उद्यमशील मोडेलहरूले गाउँमा आर्थिक चलायमानमात्रै होइन, कृषि तथा पशुपालन क्षेत्रलाई औद्योगीकरणतर्फ उन्मुख गराउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। साथै प्रदेश सरकारले कृषि-पशुपालनमा आधारित कार्यक्रममार्फत् यस्ता उद्यमलाई सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

मेन्छ्यायेम श्रीजुङ प्रालि अहिले गाउँकै युवाहरूका लागि प्रेरणादायी मोडेल बनेको छ। स्थानीय तहमा रोजगारी, उत्पादन र अर्थतन्त्र बलियो बन्दै गएको उदाहरणका रूपमा यसलाई हेरिएको छ। फर्ममा स्थानीयले प्रत्यक्षरूपमा रोजगारी पाउन थालेका छन्। स्थानीय मजदुर तथा कर्मचारीहरूले गाउँमै बसोबास गर्दै आयआर्जन गर्न पाएको स्थानीयवासी तेजबहादुर बस्नेतले सुनाउनुभयो। युवाको लगानी, सरकारी संरचनाको सहयोग र सामुदायिक सहभागिताले गति लिएको प्रालिले हालै नयाँ सेयर जारी गरेर विस्तारको बाटो खोलेको छ। विस्तार योजनाअनुसार आगामी वर्षदेखि फर्मलाई दूध उत्पादन, बाख्रा-भैंसी वंशवृद्धि कार्यक्रम, आधुनिक गोठ व्यवस्थापन तथा जैविक कृषि प्रणालीतर्फ विस्तार गरिने सञ्चालकहरूको योजना छ। गाउँमै आत्मनिर्भरता र समृद्धिको मार्ग खोल्दै मेन्छ्यायेम श्रीजुङ प्रालि गाउँलाई कृषि तथा पशुपालनको सम्भावनायुक्त केन्द्रमा रूपान्तरण गर्ने विश्वास राखिएको छ।

सर्लाहीमा आत्मदाह प्रयास गर्ने पुरुषको मृत्यु

प्रकाश मैनाली/सर्लाही। सर्लाहीको लालबन्दी नगरपालिका-७ डुमडुमे मन्दिर नजिक आफ्नै शरीरमा पेट्रोल छर्की आगो लगाएका एक पुरुषको उपचारका क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा झापा, गौरादह नगरपालिका-२ का ५५ वर्षीय सूर्यप्रसाद पोखेल हुनुहुन्छ। इलाका प्रहरी कार्यालय लालबन्दीका अनुसार स्थानीयले आगो लागेको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए। प्रहरी निरीक्षक वीरेन्द्र सिंह जोहारीको नेतृत्वमा पुगेको टोलीले उहाँलाई गम्भीररूपमा जलेको अवस्थामा फेला पारी तत्काल लालबन्दीस्थित एक स्वास्थ्य संस्थामा पुऱ्याएको थियो। शरीरको करिब ९० प्रतिशत भाग जलेको र अवस्था अत्यन्त गम्भीर भएकाले उहाँलाई राती नै एम्बुलेन्समार्फत् प्रादेशिक अस्पताल जनकपुर रेफर गरिएको थियो। जनकपुरमा उपचारका क्रममा बुधबार बिहानीपख उहाँको मृत्यु भएको प्रहरीले जनाएको छ। घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

हकदावीको सूचना

लुम्बिनी प्रदेश पाल्पा जिल्ला साविक तानसेन नगरपालिका वडा नं. १ हाल तानसेन न.पा. वडा न.२ मा बस्ने श्री छविलाल नेपालकी नातिनी शिव कुमार नेपालकी छोरी बल बहादुर क्षेत्री ज्ञवालीकी श्रीमती चन्द्र देवी नेपालको मिति २०८२/०७/२२ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ११९०५०८०२६७१२० र मुद्धति खाता नं. ११९०३१४०२९५१०९ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको एक मात्र छोरा विनोद ज्ञवालीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक वाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेन्ट मेग्या बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD. | शाखा कार्यालय, तानसेन पाल्पा
फोन न : ०७५-५२०३९९/४००

गोल्डेन लाइफ बचत तथा ऋण सहकारी संस्था लि
बुढानीलकण्ठ १०, कपन, काठमाडौं
GOLDEN LIFE SAVING & CREDIT CO-OPERATIVE LTD. Estd: 2067

सोह्रौं वार्षिक साधरण सभा सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२ मंसिर ११ गते बिहीबार

यही मिति २०८२ पौष १२ गते शनिबारका दिन यस संस्थाको सोह्रौं वार्षिक साधारण सभाको आयोजना हुन गइरहेको जानकारी गराइन्छ। साथै उक्त साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकाले उपस्थितिको लागि सम्पूर्ण सदस्य महानुभावहरुमा अनुरोध छ।

कार्यक्रम
मिति : २०८२ पौष १२ गते शनिबार
समय : विहान ८ बजे
स्थान : संस्थाको कार्यालय भवन, बुढानीलकण्ठ १०, कपन, काठमाडौं

प्रस्तावहरु
- आ.ब. २०८१/०८२ संचालक समितिको तर्फवाट अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत तथा अनुमोदन।
- आ.व. २०८१/०८२ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/०८३ को अनुमानित बजेट प्रस्तुत तथा अनुमोदन
- लेखा समिति संयोजकको प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन प्रस्तुत तथा अनुमोदन सम्बन्धमा
- आ.व.२०८२/०८३ को लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा
- शेयर लाभांस, संरक्षित पूँजी फिर्ता कोष र कर्मचारी वोनस कोष वितरण सम्बन्धमा
- कार्य क्षेत्र विस्तार, मर्जर र सेवा केन्द्र सञ्चालन सम्बन्धमा
- विधान संशोधन सम्बन्धमा
- कार्यकारीको त.भ. तथा बैठक भत्ता र दैनिक भत्ता अनुमोदन
- बैठकको निर्णयहरु अनुमोदन सम्बन्धमा
- सोह्रौं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि छनौट गर्ने सम्बन्धमा
- विविध

विनोद प्रसाद आचार्य
अध्यक्ष

गुडविल बचत तथा ऋण सहकारी संस्था लि.
Goodwill Saving & Credit Co-operative Ltd.
२०६५
केन्द्रीय कार्यालय, चावहिल, पो.वे.नं.१२४६४ फोन नं. ०१-४५७८४१६, ४५८१७४६
सदस्य सेवा केन्द्र, शंखमुल फोन नं. ०१-४७५६४५०
Email: info@goodwillsaving.com.np/ Website:www.goodwillsaving.com.np

गैर सम्पति लिलाम बिक्रीगर्ने १५ दिने गोप्य सिलबन्दी बोलपत्र आह्वान

प्रथम पटक प्रकाशित मिति : २०८२/०८/११

यस संस्थाको नाउँमा रहेको तपसिलमा उल्लेखित गैर सम्पत्तिहरु (अचल सम्पत्ति जग्गा) लिलाम बढावढ गरि लिलाम विक्रि गर्नु पर्ने भएकोले संस्थाको नाउँमा रहेको गैरसम्पत्ति जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा गोप्य शिलबन्दी वोलपत्रको माध्यमबाट संस्थाको विनियम, सहकारी ऐन, २०७४ सहकारी नियमावली, २०७५ र संस्थाको ऋण नीति बमोजिम संस्थाको गैरसम्पत्ति (अचल सम्पत्ति जग्गा) गोप्य शिलबन्दी वोलपत्र आह्वानको १५ दिने यो सार्वजानिक सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थाको केन्द्रीय कार्यालय चावहिल, काठमाडौंमा सम्पर्क राखी आफुले लिन चाहेको मुल्यमा लिन इच्छुक कम्पनी, फर्म तथा व्यक्तिहरुलाई गोप्य शिलवन्दी वोलपत्रमा सहभागी भई शिलवन्दी वोलपत्र पेश गर्नु हुन सवैमा सुचित गरिन्छ।

तपसिल

संस्थाको गैर सम्पत्तिको विवरण :
मालपोत कार्यालय खैरहनी चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला साविक चैनपुर गा.वि.स. वडा नं. ८/८(ग) स्थित कि.नं ८०४, ८०१, ७९६, ७९७ र ७९३ क्षेत्रफल क्रमशः १६९.५१, ३४०.८०, ४३७.६७, ३१०.४५ र ५०७.९४ व.मी. का जग्गा लिगलगापात समेत।

गोप्य सिलबन्दी बोलपत्र (लिलाम) का शर्तहरु :-
१. गोप्य शिलवन्दी वोलपत्र (लिलाम) मा सबैभन्दा बढी गोप्य शिलवन्दी वोलपत्र पेश गर्ने व्यक्तिले आफूले कबूल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गर्न गोप्य शिलवन्दी वोलपत्र पेश गर्ने व्यक्तिले स्वीकृति पत्र पाएको मितिले ७ दिन भित्र बांकी रकम बुझाई नामसारी गर्नु पर्नेछ। नामसारी गरि नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
३. गोप्य शिलवन्दी वोलपत्र फाराम यो सुचना प्रकाशित भएको भितिले १६औ दिनमा खोलिने छ। उक्त तोकिएको दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिन गोप्य शिलवन्दी बोलपत्र खोलिनेछ।
४. लिलामको गोप्य शिलवन्दी वोलपत्र पेश गर्दा सवैभन्दा वढी बोलपत्र पेश गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
५. लिलाम विक्री हुने अचल सम्पत्ति सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
६. लिलाम सकार गरी दा.खा.गर्दा लाग्ने सम्पुर्ण कर समेत लाग्ने सम्पुर्ण खर्च सकार गरी लिने व्यक्तिले व्यहोर्नु पर्नेछ।
७. गोप्य शिलवन्दी फारामको रु.१०००।- दस्तुर लाग्नेछ

गोप्य सिलबन्दी बोलपत्र खोल्ने मिति, स्थान र समय :
मिति : २०८२।०८।२६ गते। स्थान : चावहिल स्थित संस्थाको कार्यालय। समय : दिउँसो १:०० बजे।

Bagmati Rural Municipality
Office of Rural Municipal Executive
Jhurjhure, Makwanpur
Bagmati Province, Nepal

Invitation for Electronic NCB for the Procurement of Works

First date of Publication: 2082/08/11 (27th Nov 2025)

Bagmati Rural Municipality, Jhurjhure, Makwanpur Invites electronic bids from eligible bidders for the procurement of Following items under National Competitive Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at **Bagmati Rural Municipality, Jhurjhure, Makwanpur** Tel: **9849162772/9765744115**, website: **http://bagmatimunmakawanpur.gov.np/** or may visit PPMO e-GP system: **https://www.bolpatra.gov.np/egp/**

Contract ID number/IFB No.	Description of Particulars	Estimated Amount Inclusive PS, VAT & Contingency (NRs.)	Amount for Bidding Document (NRs.)	Amount of Bid Security (NRs.)
BRM/NCB/ WORKS/ 003/2082/083	Construction of RCC Canal and Maintenance of intake with its related Structures at Bagmati-05	24,99,524.51/-	3,000/-	60,000.00/-

Chief Administrative Officer

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यस्थापन कार्यलय, खोटाङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मिति : २०८२/०८/११)

यस खानेपानी तथा ढल व्यवस्थापन कार्यलय, खोटाङबाट ठे. नं. 1/PIPE-PROCUREMENT/2082-83/WSSMO-KHOTANG र ठे. नं. 2/GI-FITTINGS/2082-83/WSSMO-KHOTANG को लागि पेश भएका बोलपत्रहरु मध्ये बाट तपशिलमा उल्लेखित बोलपत्र सारभूतरुपमा प्रभावग्राही न्यूनतम मुल्यांकित बोलपत्र स्वीकृतिको लागि छनौटमा परेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफाहरु २ र ३ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

ठे. नं.	कामको बिवरण	फर्मको नाम, ठेगाना	कबोल अंक (मु.अ.कर बाहेकको) रु.
1/PIPE-PROCUREMENT/2082-83/ WSSMO-KHOTANG	Procurement, Supply & Delivery of PE 100 Pipes at WSSMO office, Khotang & Ramelodanda Okhaldhunga	Narayani Plastic Udhyog (P) Ltd, Ward No.18 Birjung Sadak , bara	NRs. 3,517,481.00
2/GI-FITTINGS/2082-83/ WSSMO-KHOTANG	Procurement Supply & Delivery of GI Fittings at WSSMO, Diktel, Khotang	Nepal Brothers Trading Ward No.4-Kathamndu	NRs. 1,059,960.00

कार्यलय प्रमुख

कोशी प्रदेश सरकार
खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय
कोशी प्रदेश, विराटनगर

सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०८।११

यस मन्त्रालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "विपन्न वर्ग लक्षित सौर्य उर्जा उज्यालो कार्यक्रम" र "लघु जलविधुत आयोजना मर्मत सम्भार कार्यक्रम" अन्तर्गत घरेलु सौर्य प्रणालि जडान र लघु जलविधुत आयोजना मर्मत सम्भार कार्यक्रम संचालन गर्नका लागि तपसिलका मापदण्ड बमोजिम यस प्रदेशका ईच्छुक स्थानीय तहहरुलाई आ-आफ्नो माग १५ दिनभित्र यस मन्त्रालयको ईमेल ठेगाना mowsiep1@gmail.com मार्फत उपलब्ध गराईदिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि योसुचना प्रकाशित गरिएको छ।

सि.न.	कार्यक्रम	तपशिल
१	विपन्न वर्ग लक्षित सौर्य उर्जा उज्यालो कार्यक्रम	➢ लाभग्राहीको घरघुरीमा राष्ट्रिय तथा सामुदायिक विधुतीय ग्रिड कम्तिमा २ वर्षभित्र पुग्ने सम्भावना नरहेको भन्ने विधुत प्राधिकरणको सिफारिस पत्र सहित ➢ लाभग्राहिको घरधुरीमा सौर्य विधुत सेवाको पहुँचमा अन्य कुनै संघसंस्था/ निकायबाट अनुदान नलिएको हुनुपर्ने। ➢ विपन्नवर्ग, दुर्गम, पिछडिएको क्षेत्र, एकल महिला तथा अपाङ्गहरुलाई विशेष प्रथामिकता दिने गरि खुलाई पठाई दिनुपर्ने छ। ➢ आंशिक रुपमा विधुत सेवा पुगेको वडा रहेछ भने विधुत जडान नभएको घरधुरी हुनुपर्ने।
२	लघु जलविधुत आयोजना मर्मत सम्भार कार्यक्रम	➢ स्थानिय तहको सिफारिस ➢ संचालनमा रहेको हुनुपर्ने ➢ अन्य कुनै संघसंस्था/ निकायबाट मर्मतको लागि अनुदान नलिएको हुनुपर्ने। ➢ हालको साइट फोटो